आदरणीय यस गाउँ सभाका सदस्य ज्यूहरु,

रुवी भ्याली गाउँपालिकाको यस गरिमामय १५ औं गाउँ सभामा उपस्थित सम्पूर्ण सभा सदस्य ज्यूहरुलाई हार्दिक स्वागत गर्न चाहान्छु । गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु । वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने विभिन्न राजनीतिक दल, गैर सरकारी सघं संस्था, सामाजिक रुपमा सक्रिय वुद्दिजिवी, सम्पूर्ण विषयगत शाखा, आमा, बुबा, दाजुभाई तथा दिदीबहिनीहरु लगायत सहजकर्ताहरुलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्न चहान्छु। यस महत्वपूर्ण अवसरमा नेपालको प्रजातान्त्रिक अन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक सशस्त्र संघर्ष, जन आन्दोलन, मधेस आन्दोलन, जनजाति आन्दोलन तथा विभिन्न चरणका आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै बेपत्ता योद्धा, घाइते, अपाङ्ग, सहिद तथा बेपत्ता परिवारहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु।

सुन्दर, समुन्नत र समृद्ध रुवी भ्याली गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृद्धिको चाहना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पूरा गर्ने दिशामा हामीले आगमी आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं । यसका लागि पालिकाको दिगो विकास गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको सही पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य हासिल गर्न सार्वजनिक, निजी क्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ ।

रुवी भ्याली गाउँपालिकालाई उत्कृष्ट पर्यटकिय गन्तव्यको रुपमा स्थापित गर्ने, स्वच्छ, सफा र सुन्दर गाउँपालिकाका पहिचान कायम राख्ने र योजनावद्ध वस्ती विकासलाई यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताको रुपमा लिईएको छ । लोपोन्मुख भाषा, धर्म, संस्कार, संस्कृति, भेषभूषा, रीतिरिवाज जगेर्ना गर्ने ठोस नीति लिएका छौं। शिक्षा प्रणालीलाई समय सापेक्ष परिमार्जन गर्दे आधुनिक सिकाईका विधिहरु अवलम्वन गर्न जोड दिएका छौं। भौगोलिक विकटताको कारण लामो समयदेखि यातायात सेवाबाट वञ्चित स्थानीय गाउँहरुमा सडक सञ्जाल विस्तार गर्ने अभियानलाई विशेष प्राथमिकतामा राखेका छौं । यस गाउँपालिकालाई पर्यटकिय गन्तव्यको रुपमा विकास गर्न पर्यटन पूर्वाधार, पर्यटक सचेतना तथा सुरक्षालाई विशेष चासोको रुपमा राखिएको छ । निर्माणाधिन निर्माण प्रकृयामा रहेका जलविद्युत आयोजनाहरुसँग समन्वय गरी गाउँपालिकाको विकासमा जोड दिइनेछ ।

## विद्यामान परिवेश (राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक, आदि)

देशमा आर्थिक मन्दी सँगै संघिय सरकारको राजश्व परिचालनमा समेत प्रभाव पर्न गई स्थानिय तहले पाउनु पर्ने वित्तीय हस्तारणमा समेत नकारात्मक असर पुगेको छ ।

नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलुकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन ३ देखि ५ हजार युवाहरु रोजगारीको खोजीमा नेपाल छोडेर विदेश पलायन हुनुपर्ने अवस्थाले हामी सवैलाई गम्भीर बनाएको छ। आन्तरिक बाह्य बसाइसराईका कारण नेपालका गाउँघरहरु सुनसान वस्तीका रुपमा रुपान्तरित हुन पुगेका छन् ।उब्जाउ खेतबारी बाँझो हुन पुगेका छन् । यस सन्दर्भमा युवावर्ग जनशक्तिलाई देशभित्रै रोजगारीमूलक वातावरण सृजना गरि गाउँघरको बसाई तर्फ आकर्षण गराउनुपर्ने चुनौती हामी सबैको साझा मुद्दाको विषय हुन पुगेको छ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलाप मार्फत अगाडी बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मुल लक्ष्य हासिल गर्नु परेको छ। यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाई विशेष जोड दिनु पर्ने अवस्था सृजना भएको छ।

सेवा प्रवाहलाई थप प्रभावकारी बनाई सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ। यसका लागि विद्युतिय सुशासन प्रणालीलाई सेवा प्रभावमा व्यापक र प्रभावकारी बनाउनु पर्ने अवस्था देखिन्छ।

## विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती

**विद्यमान अवसरहरुः**

**हाम्रा लागि देहाय बमोजिमका अवसरहरु रहेका छन्:**

१.गाउँपालिकालाई पर्यटकिय नगरीको रुपमा विकास गरी पर्यटनलाई गाउँपालिकाको मुख्य आम्दानीको स्रोत बनाउन सकिन्छ।

२. निर्माणाधिन अवस्थामा रहेका जलविद्युत आयोजनाहरु छिटो सम्पन्न गरी रोयल्टी मार्फत गाउँपलिकाको आन्तरिक राजश्व वृद्धि गर्न सकिन्छ।

३. जडिबटी खेती विस्तार गरी आयस्रोतमा लाभ लिन सकिन्छ।

४. स्थानीय तामाङ, गुरुङ, घले, नेवार समुदायको परम्परागत सांस्कृतिक एवम् धार्मिक पहिचान जगेर्ना गर्दै धार्मिक तथा सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्न सकिन्छ।

५. खानी विभागसँग समन्वय गरि रुवी(Ruby), कृष्टल(Cystal) जस्ता बहुमुल्य खनिज पदार्थलाई आम्दानीको स्रोतको रुपमा विकास गर्न सकिन्छ।

७. रासायनिक मलहरु विस्थापित गरी अर्गानिक गाउँपालिका घोषणा गर्ने आधार खडा गर्न सकिन्छ।

८. तातोपानीको पूर्वाधार विकाससँगै व्यवस्थापनमा विकास गर्न सके रोजगारीको अवसरहरु सृजना हुने देखिन्छ।

९. गणेश हिमालको काखमा रहेको कालो दह, सेतो दह, दुध कुण्डमा जाने पदमार्ग तथा विश्राम घर निर्माण गर्न सके आन्तरिक तथा बाह्य पर्यटकहरुको आगमनमा वृद्धि हुने निश्चित नै छ।

१०. जैविक विविधताले सुसम्पन्न गाउँपालिकालाई प्रचारप्रसारमा ल्याउन सके राष्ट्रिय तथा अन्तराष्ट्रिय पर्यटनको आगमन सँगै रुवी भ्यालीको आर्थिक वृद्धिमा थप टेवा पुग्नेछ।

## विद्यमान चुनौतीहरुः

**हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरु रहेका छन्:**

- भौगोलिक विकटताका कारण विकास निर्माण लगायतका क्रियाकलापहरुमा प्रत्यक्ष नकरात्मक असर पर्नु रुवी भ्याली गाउँपालिकाको प्रमुख चुनौती हो।

- यस गा.पा. को सबै वडाहरुमा  सडक विस्तार तिब्र रुपमा भईरहेको छ । तर पनि स्थानीय खोलाहरुमा पुल निर्माण नभएकोले बाह्रै महिना यातायात सञ्चालन गर्न सम्भव छैन ।जसले गर्दा रुवी भ्यालीको जनजीवनमा प्रत्यक्ष असर पारेको छ ।
- स्पष्ट कानूनी व्यवस्था नभएकोले खनिजजन्य पदार्थको संरक्षण तथा उत्खनन गरि गाउँपालिकाको आयस्रोत वृद्धि गर्न सकिएको छैन ।
- रुवी भ्याली गाउँपालिकाको मुख्य आयस्रोतको रुपमा पर्यटनलाई लिन सकिन्छ । तर पर्यटन पूर्वाधार विकास गर्न नसक्नु, व्यवस्थित होमस्टे तथा रिसोट व्यवस्थापन नहुनु, स्थानीय स्तरमा पर्यटन मैत्री वातावरण सृजना गर्न नसक्नु आदि कारणले पर्यटन आगन्तुक संख्यामा वृद्धि  गर्न सकिएको छैन । जसले आयस्रोतमा प्रत्यक्ष असर पारेको छ ।
- यस गाउँपालिकाको प्रमुख पेशा कृषि तथा पशु हो। तर परम्परागत खेति प्रणाली र पशुपालनले गर्दा आयस्रोतमा वृद्धि गर्न सकिएको छैन । कृषि तथा पशुपालनलाई व्यावसायीकरण गर्न नसक्नु पनि एक चुनौती  रहेको छ।
- दक्ष जनशक्तिको निर्माण गरी स्थानीय  स्रोतको सही सदुपयोग  तथा परिचालन गर्न गराउन नसक्नु एक चुनौती हो ।
- प्रभावकारी रुपमा नियमित सञ्चार सेवा सञ्चालन गर्न नसक्नु गाउँपालिकाको प्रमुख समस्या रहेको छ ।
- बाढी पहिरो लगायतका प्राकृतिक प्रकोप नियन्त्रण गर्ने कार्यमा जटिलता रहेको छ ।
- गाउँपालिका अन्तर्गत रहेका प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) को मापदण्ड अबलम्वन गरी सही मुल्याङकन गर्न सकिरहेको छैन ।
- विभिन्न कालखण्डमा गाउँपालिका निर्माण  भएका पूर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार गर्नु, मुल्याङ्कन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धि योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्न सकिरहेको छैन ।
- प्रशासनिक भवन निर्माण कार्यमा भएको ढिला सुस्तीले गर्दा सेवा प्रवाह व्यवस्थित गर्न सकिएको छैन ।

## नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु (संविधान, प्रचलित कानूनी ब्यवस्था, राष्ट्रिय, प्रदेश  स्थानीय नीति, योजना  र लक्ष्य एवम् अनुभव तथा सिकाई आदि )

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धि उल्लेख भएको नीतिगत व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरु बानाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्षहरु अनुसार विभिन्न चरणको सहभागितामूलक प्रकृयाबाट यस गाउँपालिकाको आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ।

गुणस्तरीय पूर्वाधार विकास निमाणको कार्यमा गाउँपालिका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासानिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो । आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो । जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिने छ ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण(O&M) लाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितव्ययी बनाइनेछ। यसबाट सेवा प्रवाहलाइ प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।

यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएको छ। जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाइ जोड दिइनेछ।

## चालु आर्थिक वर्ष ०८०/०८१ को महत्वपूर्ण उपलब्धि तथा कामहरु

## पूर्वाधार विकास तर्फः

### सडक

बागमती प्रदेश सरकारको नीति तथा कार्यक्रममा रहेको एकिकृत रुवी भ्याली विकास कार्यक्रमबाट रुवी भ्याली गाउँपालिका अन्तर्गत रहेको विभिन्न सडकहरु स्तरोन्नति भएको छ। सडक स्तरोन्नति तथा विस्तारको क्रममा नेपाली सेनाको सहयोगमा लापा खादिङ सडकको ब्लाष्टिङ कार्य सम्पन्न गरिएको छ। एकिकृत रुवी भ्याली विकास कार्यक्रमबाट विनियोजित रकमबाट प्रादेशिक सडक डिभिजन कार्यालय धादिङ हाल पूर्वाधार विकास कार्यालय मार्फत सोही सडक खण्डमा ठेक्का गरी लापा गाउँसम्म सडक विस्तार गरिएको छ। पूर्वाधार विकास कार्यालय मार्फत नै पुरु लिङ्जो सडक, सोम्दाङ तिप्लिङ सडक र सेर्तुङ मचेत सिङ्ला सडकको स्तरोन्नति सँगै नयाँ सडक ट्र्याक विस्तार भएको छ। साथै प्यान्तिस्या तिर रिचेत कपुरगाउँ सडक, प्यान्तिस्या चालिस गाउँ सेर्तुङ, प्यान्तिस्या हिन्दुङ सडक र आखँ खोला तेङचेत सडकको समेत स्तरोन्नति तथा विस्तार कार्य सम्पन्न भएको छ। पूर्वाधार विकास कार्यालय र रुवी भ्याली गाउँपालिकाको समन्वयमा लिस्ने खोला बोराङ पालिका जाने सडक स्तरोन्नति भईरहेको छ। बोराङ बसपार्क देखि आर्मी क्याम हुँदै बतासे जाने सडकको स्तरोन्नति पनि सम्पन्न भएको छ।

संघिय समपूरक शिर्षकबाट छोटेखोला थामडाँडा खादिङ सडकको स्तरोन्नति तथा नयाँ ट्र्याक निर्माण प्रकृया अन्तिम चरणमा रहेको छ। त्यसैगरी प्रदेश समपूरक शिर्षकबाट प्यान्तिस्या तातोपानी नेवेर सडक खण्डको पनि स्तरोन्नति भईरहेको छ।

## एकिकृत रुवी भ्याली विकास कार्यक्रम

बागमती प्रदेश सरकारले एकिकृत रुवी भ्याली विकास कार्यक्रमलाई निरन्तरता दिँदै आईरहेको छ। प्रदेश सरकारको नीति तथा कार्यक्रममा रुवी भ्याली गाउँपालिकालाई बिशेष संबोधन हुनु गौरवको कुरा हो। यस आ.व. मा पनि १३ करोड १० लाख रुवी भ्याली गाउँपालिकाको विकासमा विनियोजन भएर सडक स्तरोन्नति लगायतका कार्यहरु सम्पन्न भईरहेको छ।

### पुल

गाउँ पालिका भित्र रहेको सडकहरुको स्तरोन्नति कार्य तिब्र गतिमा अघि बढेको छ। बागमती प्रदेश सरकारको विशेष सहयोगमा सडकको नयाँ ट्र्याक विस्तार कार्य पनि तिब्र रुपमा हुँदै आएको छ। सडकहरुको नयाँ ट्र्याक र स्तरउन्नतिसँगै मोटरेबल पुलहरुको DPR निर्माण कार्य शुरु भैसकेको छ। विशेषत अदा खोला पक्की पुल, तातापानी खोला पक्की पुल, छयोदाङ स्योङ लापा खोला पुल, आँखु खोला पक्की पुलको DPR निर्माण कार्य तिब्र गतिमा तयार भैरहेको छ।

**स्वास्थ्य**

रुवी भ्याली गाउँपालिका र सेचेन करुणाको साझेदारीमा निशुल्क मोति विन्दुको अप्रेशन शिविर सम्पन्न भएको छ। गाउँ पालिकाको वडा नं ३ स्थित श्री च्याम्रा देवी माध्यमिक विद्यालयमा भएको शिविरमा ९५ जनाले मोति विन्दु अप्रेशन सेवा पाएको छ।

धादिङ जिल्ला अस्पताल र गाउँ पालिकाको समन्वयमा बृहत निशुल्क स्वास्थ्य शिविर आयोजना गरिएको छ। यस शिविरमा धादिङ अस्पतालमा सेवारत विशेषज्ञ डाक्टरहरुको टोली सहभागी भएका थिए। भिडियो एक्सरे, ECG, Dental गरी झण्डै ३५० जनाले शिविरको प्रत्यक्ष लाभ लिएका छन्। यो वर्ष गाउँपालिकाको आयोजनामा भक्तपुर क्यान्सर अस्पतालले पनि क्यान्सर Screening, पाठेघर क्यान्सर जाँच तथा स्तन परिक्षण ( Breast Check Up) सम्वन्धि निशुल्क शिविर सम्पन्न भएको छ। यस शिविरमा १५० जनाले सेवा लिएका थिए।

रुवी भ्याली गाउँपालिका र सेचेन करुणाको ५० प्रतिशत साझेदारीमा रुवी भ्याली आधारभूत अस्पतालमा थप भवन निर्माण भएको छ। संघिय विशेष अनुदानबाट एक्सरे लगायतको स्वास्थ्य सामग्री खरिदकार्य पनि सम्पन्न भएको छ। अस्पतालको पूर्वाधार विकाससंगै स्वास्थ्य सामग्री थप भएसंगै सेवा प्रवाह व्यवस्थित हुने कुरामा दुइ मत रहने छैन। स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन स्थानीय सरकारले धादिङ अस्पतालसंग निशुल्क उपचारको सम्झौता गरेको छ। यो सम्झौतासंगै रुवी भ्यालीका आम सर्वसाधारणले निशुल्क सेवाको लाभ लिन थालिसकेको छ। स्वास्थ्य शाखाको सक्रियतामा प्रत्येक वर्ष झै पूर्ण खोप वडा तथा पालिका घोषणा सभा सम्पन्न भै सकेको छ। गर्भवती तथा सुत्केरी महिला उद्धार कार्यक्रम अन्तर्गत ४ जनाको हेलिकप्टरबाट उद्धार गरिएको छ। सघन शहरी विकास कार्यालयबाट तिप्लिङ हेल्थपोष्ट भवन निर्माणकार्य अन्तिम चरणमा पुगेको छ।

रुवी भ्याली आधारभूत अस्पताल निर्माणका लागि ७ रोपनी २ आना जग्गा दान दिने र अस्पतालको नाममा जग्गाको लालपूर्जा तयार गर्ने कार्य अन्तिम चरणमा पुगेको छ। अस्पतालको नाम लालपूर्जा आए लगत्तै अस्पतालको DPR सम्पन्न गरि निर्माण प्रक्रिया अघि बढाइनेछ।

## एम्बुलेन्स सेवा

हिमालयन हेल्थ केयर नेपालको आर्थिक सहयोगमा रुबी भ्याली आधारभूत अस्पतालको नाममा एक एम्बुलेन्स हस्तान्तरण भएको छ। एम्बुलेन्स प्राप्त भएसंगै एम्बुलेन्स सेवा सुचारु भैसकेको छ।

## पर्यटन

रुवी भ्याली गाउँपालिकाले बागमती प्रदेश अन्तर्गत पर्यटन विकास आयोजनासँग समन्वय गरेर पर्यटन प्रवर्द्धन गर्ने नीति लिएको छ। यही आ.व. मा तातोपानी हिन्दुङ कालोदह सेतोदह पदमार्ग तथा विश्राम घर स्थल निर्माणको DPR तयारी सम्पन्न गरेको छ। बागमती प्रदेश सरकारद्वारा विनियोजित समपूरक बजेट शिर्षकबाट यस गाउँपालिकाको वडा नं. ३ स्थित खार्सा आवि, खटेन गुम्बा, च्याम्राडाँडा तछम हेगङ, फेन्चेत पदमार्ग ठेक्का प्रकृयाबाट निर्माण कार्य सुरु भईसकेको छ। रुवी भ्याली गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमिसँग जोडिएको दोगारतम्वा र सेदाचेत संरक्षण अभियान ठोस रुपमा अघि बढिसकेको छ। तारागाउँ विकास समिति र रुवी भ्याली गाउँपालिकाको समन्वयमा होमस्टे तथा कमर्शियल कुक(Commercial Cook) तालिम सम्पन्न भएको छ। यस गाउँपालिकाको पर्यटक आकर्षणको केन्द्रबिन्दु मानिने ३८५० मिटर उचाइमा रहेको पाङसाङ पास गेट

निर्माण कार्य सकिएको छ। त्यसैगरी सेचेन करुणाको आर्थिक सहयोगमा यस गाउँपालिकाको चालिस गाउँमा होमस्टे निर्माण कार्य सकिएको छ। यसैगरी मचेत खर्कमा पर्यटक विश्राम घर निर्माण कार्य सम्पन्न भएको छ।

## पर्यटन दर्पण

यस गाउँ पालिका भित्र रहेको प्राचीन धार्मिक एवं पर्यटकिय स्थलहरुको दस्तावेजिकरण तथा प्रचार प्रसारको उदेश्य स्वरुप रुवी भ्याली पर्यटन दर्पण प्रकाशन कार्य यसै वर्ष सम्पन्न हुने भएको छ। रुवी भ्याली पर्यटन दर्पणलाई गाउँपालिकाको डिजिटल प्रोफाइलमा समावेश गरिनेछ। यस कार्यले रुवी भ्यालीको पर्यटन प्रवर्द्धनमा विशेष भूमिका खेल्नेछ।

## इथ्नोग्राफिक प्रोफाइल

रुवी भ्यालीको इथ्नोग्राफिक प्रोफाइल 'जनजातीय रुपरेखा' अनुसन्धान परियोजना-प्रस्तावमा तामाङ जातिको भाषा, धर्म (बौद्ध तथा बोन्पो परम्परा, साङदुङ, लाम्बु समेत) संस्कृति (स्थानीय पर्व, जात्रा, मेला), ईतिहास, पुरातात्विक स्थलहरू(कम्तिमा १०० वर्ष भन्दा माथिका), प्राचीन अभिलेखहरू (बौद्ध धर्मका लिखित तथा साङदुङ, बोन्पो, लाम्बु आदिका मौखिक अभिलेख), स्थानीय गीत (प्रकार तथा वर्गिकरण), ऐतिहसिक कथा तथा पुराण तथा पौराणिक गीत तथा गाथा, लोक गीत, लोक बाजाहरूको प्रकार र वर्गिकरण, लोक गाथा, लोक कथा, लोक नित्य (नित्यको प्रकार र वर्गिकरण), संस्कार (जन्म-मृत्यु), जातिगत वंशावली, तामाङ थरहरू र थरहरूको वर्गिकरण, स्थानीय राजकीय इतिहास, भेषभुषा (प्रकार र उत्पादन विधि समेत), कला, सीप, वस्तुशास्त्र तथा वास्तुकला, आर्थिक स्रोत र अवस्था, कृषि परम्परा, लोक ज्ञान (स्थानीय उपचार, विश्वास, आयुर्वेदिकज्ञान) आदि तथा आवश्यक थप विषयहरू रहनेछ।

तथ्याङ्क संकलन, सम्पादन अभिलेखन अनुवाद आदि गरी रुवी भ्याली गाउँपालिकाको इथ्नोग्राफिक प्रोफाइल "जनजातीय रुपरेखा" विषयक अनुसन्धान प्रतिवेदन पालिकाको कामकाजी भाषामा पेश हुनु पर्दछ।

## कर्मचारी व्यवस्थापन

गाउँ पालिकामा दरबन्दी बमोजिम कर्मचारी अभावले सेवा प्रवाह कछुवाको गतिमा थियो। यो वर्ष गाउँपालिकाको विभिन्न शाखाका कर्मचारीहरु हाजिर हुने क्रम जारी छ। विगतमा गाउँ पालिकाको ६ वडामा २ जना सचिवले सेवा दिदाँको सास्ती अन्त्य भएको छ। सबै वडामा सचिव व्यवस्थापन भैसकेको छ। रिक्त रहेको कृषि, पशु, स्वास्थ्य प्रशासन, सामाजिक विकास, आयुर्वेदालय आदि शाखामा कर्मचारी हाजिर भैसकेको छ। अन्य रिक्त दरबन्दिमा पनि कर्मचारी हाजिर हुने क्रम जारी नै छ।

## कृषि

माहुरी विकास केन्द्र गोदावरीको प्राविधिक सहयोग र गाउँपालिकाको आर्थिक सहयोगमा माहुरी पालन तालिम सम्पन्न भएको छ। यो वर्ष गाउँ पालिकाको १ देखि ६ सवै वडाहरुमा तालिम सम्पन्न भएको छ। तालिमसंगै वडा नं-३ मा ५०% साझेदारीमा माहुरी सहितको घार वितरण भइसकेको छ। संघिय शसर्त कार्यक्रम अनुसार किसान सुचिकरण कार्यक्रम सम्पन्न भएको छ। गाउँपालिकाको १२०० जना किसानहरु सुचिकृत भएका छन। यस गाउँपालिकामा रहेका दलित महिला उद्यमशीलता कार्यक्रम अन्तर्गत अर्गानिक तरकारी खेती तालिम सम्पन्न भएको छ।

## संघ संस्थासँग सम्झौता

गाउँपालिकाले सेचेन करुणासंग सन २०२४ ,२५ र २६ को लागि लगभग १२ करोड बराबरको विभिन्न कार्यक्रम सम्झौता गरेको छ। सेचेनसंगको सम्भौता बमोजिम स्वास्थ्य, शिक्षा, कृषि, पर्यटन, आर्थिक विकास लगायतको क्षेत्रमा काम हुनेछ। यसैगरी विगत ३ दशक देखि रुवी भ्यालीको शैक्षिक, स्वास्थ्य, कृषि क्षेत्रमा योगदान दिदै आईरहेको हिमालय हेल्थ केयर नेपालसंग यस आ.व. मा पनि ९० लाख बराबरको कार्यक्रम सम्झौता भएको छ।

## शिक्षा तथा खेलकूद

धादिङ जिल्ला सितोरियो कराते डोजोको आयोजना भएको जिल्ला स्तरिय कराते प्रतियोगीतामा यस गाउँ पालिकाको सक्रिय सहभागीता रह्यो । पहिलो पटक सहभागी उक्त प्रतियोगीतामा लापा माध्यमिक विद्यालयले २ स्वर्ण पदक र च्याम्रा माध्यमिक विद्यालयले १ स्वर्ण पदक हासिल गर्न सफल भएको थियो।

गाउँ पालिकाले यस वर्ष अन्तर विद्यालय स्तरिय छैटौं रुवी भ्याली गाउँ पालिका स्तरिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगीता भव्य रुपमा सम्पन्न गरेको छ । यस प्रतियोगीतामा गाउँ पालिकाले एथ्लेटिक्स, कराते, भलिबल लगायतका विभिन्न खेलहरु संचालन गरेको छ। प्रतियोगीतामा लापा मावि पहिलो, च्याम्रा मावि दोस्रो र दोङदेन माविले तेस्रो स्थान हासिल गर्न सफल भएका थिए। प्रतियोगीतामा बागमती प्रदेश खेलकुद विकास परिषदका सदस्य सचिव श्री सूर्यलाल भण्डारीको प्रमुख आतिथ्यमा समापन भएको थियो।

रुवी भ्याली गाउँपालिकाले यस वर्ष सम्पन्न १३औ जिल्ला स्तरिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगीता सक्रिय सहभागीतामा जनाएको छ। गाउँपालिकाले स्थानीय ४ माध्यमिक विद्यालयमा कराते खेल शुरु गरेको पहिलो वर्षमा नै यस प्रतियोगीतामा सक्रिय सहभागी जनाइ ३ स्वर्ण पदक हासिल गर्नु गौरबको कुरा हो। शुरुवाती वर्षमा नै कराते खेलमा ३ स्वर्ण, ७ रजत, २ कास्य पदक विजेता हुनुले जिल्लामा नै रुवी भ्याली गाउँपालिकाको पहिचानलाइ उच्च बनाएको छ। साथै छात्र भलिबल प्रतियोगीतामा पनि रजत पदक जित्न सफल भएको छ।

## खेलाडी सम्मान कार्यक्रम

गाउँ पालिकाले राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगीताहरुमा पदक विजेता खेलाडीहरुलाइ सम्मान गरेको छ । बंलादेशमा सम्पन्न International BG Karate Championship Bangaladesh Goju Ryu Karate Ferderation-2023 खुल्ला प्रतियोगीतामा यस गाउँ पालिकाको कराते प्रशिक्षक सन्देश घलेले स्वर्ण पदक हासिल गर्न सफल भएका छन। 7th South Asian Taekwando (ITF) Championship Complex, Gachibowlihyderabad, Telagana India मा सम्पन्न प्रतियोगीतामा स्वर्ण पदक हासिल गर्न सफल सविना तामाङ र 15th Korea Open International Karate-do Championship and 2nd WCKF World Karate-do Championships (Korea Buson) 29th June 3rd July-2023 प्रतियोगीतामा स्वर्ण पदक विजेता रेगन घलेलाइ सम्मान गरिएको छ। त्यसैगरी गाउँ पालिकाले १३औं जिल्ला स्तरिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगीता २०८० मा सक्रिय सहभागीता जनाइ कराते खेलमा स्वर्ण पदक विजेता बसन्त तामाङ, सन्जु घले र मुनु रानी घले पनि नगद सहित सम्मान गरिएको छ।

## विद्यालय पूर्वाधार

सेचेन करुणाको आर्थिक सहयोगमा खार्सा आधारभूत विद्यालयको भवन तथा शौचालय निर्माण कार्य यसै वर्ष सम्पन्न भएको छ । नयाँ भवनमा कक्षा संचालन शुरु भैसकेको छ । यसैगरी गोर्खा वेल फेयरले वडा नं २ स्थित गोठेन देवि आधारभूत विद्यालयको ३ कोठे भवन निर्माण कार्य पनि सम्पन्न गरिसकेको छ ।

## विद्यालय व्यवस्थापन समिति गठन

रुवीभ्याली गाउँ पालिकाको २१ विद्यालयमा रिक्त रहेको विद्यालय व्यवस्थापन समिति गठन प्रक्रिया अन्तिम चरणमा पुगेको छ । नयाँ व्यवस्थापन समितिले विद्यालयको बालमैत्री भौतिक पूर्वाधार विकास सँगै शैक्षिक सुधार हुने विश्वास लिइएको छ ।

## राष्ट्रिय सेवा दल (NCC)

रुवी भ्याली गाउँ पालिकाको सक्रियतामा र शिव दल गण गजुरी ब्यारेकको सहयोगमा श्री च्याम्रा देवि माध्यमिक विद्यालयमा राष्ट्रिय सेवा दल तालिमका लागि छनौट भएको छ । तालिमका लागि नेपाली सेनाले बिधार्थी छनौट कार्य अघि बढाइ सकेको छ ।

## पालिका डिजिटल प्रोफाइल

२१औं शताब्दी Information Technology को युग हो । गाउँ पालिकाको Digital Profile निर्माण गरि गाउँ पालिकाको सम्पूर्ण गतिविधि तथा अभिलेख online गराउँने प्रयासको शुरुवात भएको छ । गाउँ प्रहरी परिचालन गरि गाउँपालिकाको पालिका डिजिटल प्रोफाइल निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । प्रोफाइल निर्माणले पालिकाको योजनाहरु निर्माणका लागि विशेष भूमिका खेल्ने विश्वास लिएको छ ।

## वडा स्तरिय पूर्वाधार कार्यक्रमहरु

संघ र प्रदेशको समपुरक, शसर्त र बिशेष बजेट तथा विभिन्न कार्यालय मातहातको कार्यक्रम बाहेक गाउँ पालिकाबाट विनियोजन भएको रकमबाट विभिन्न कार्यक्रम तथा योजनाहरु सम्पन्न भएका छन् । गाउँ पालिका अन्तर्गत रहेका ६ वडाहरुमा थुप्रै पदमार्गहरु निर्माण भएको छ । स्थानीय बस्तीहरुमा निर्मित पदमार्गहरुले आवतजावतमा सहज बनाएको छ । धार्मिक एवं पर्यटकिय स्थलहरुको संरक्षणमा पनि विभिन्न कार्यक्रमहरु सम्पन्न भएको छ । गुम्बा तथा मण्डलीहरुको निर्माणसंगै मर्मतका कामहरु हुदै आएको छ । स्वास्थ्य इकाइहरुमा पूर्वाधार विस्तार सेवा प्रवाह विस्तार भएको छ । शहिद पार्क, खेल मैदान, कुलो निर्माण, खानेपानी, लघु जलबिधुत मर्मत तथा सामुदायिक वन क्षेत्रमा पनि निर्माण कार्यहरु भइरहेका छन ।

## सेवा र परामर्श

गाउँ पालिकाको विद्यालयहरुको DPR निर्माण कार्य थालनी भएको छ । तामाङ समुदायको धार्मिक आस्थाको धरोहरको रुपमा रहेका गुम्बाहरुको प्रारम्भिक DPR निर्माण कार्य भैरहेको छ । यस गाउँपालिका अन्तर्गत निर्माणाधिन सडक तथा पुलहरुको विस्तृत अध्ययन र अनुसन्धान कार्य तिव्र रुपमा संचालन भैरहेको छ । यसैगरी गाउँपालिका भित्र रहेको केहि महत्वपूर्ण पर्यटकिय स्थलहरुको समेत विस्तृत अध्ययन सम्पन्न भैसकेको छ ।

## गाउँपालिका यातायात गुरुयोजना (MTMP)

गाउँ पालिकाले स्थानीय सडकहरुलाई व्यवस्थित बनाउन पालिका यातायात गुरुयोजनाको निर्माण गरिरहरको छ ।यस गुरुयोजनाले पालिका भित्र अव्वस्थित ढङ्गले सडक निर्माण कार्य रोक्नुका साथै भूक्षय नियन्त्रणमा समेत प्रभाव पार्नेछ ।

## गुम्बा निर्माण

पुरातात्विक विभागले यस गाउँपालिका प्राचीन तथा ऐतिहासिक गुम्बाहरुको निर्माणकार्य धमाधम सम्पन्न गरिरहेको छ । गाउँ पालिकाको तिप्लिङ गाउँमा रहेको टासी छेजोङ गुम्बा, सेर्तुङ गाउँको फ्यान्चेत गुम्बा र पङगङ गुम्बाको निर्माण प्रक्रिया अन्तिम चरणमा पुगेको छ । पुरातात्विक विभागले गुम्बा निर्माणसंगै अन्य प्राचीन र ऐतिहासिक पृष्ठभूमि रहेका धरोहरहरुको अझ बढी अध्ययन अनुसन्धान गरी संरक्षण र सं्वर्द्धन गर्दै अगाडी बढाइरहेको छ ।

## न्यायिक समिति

गाउँ पालिकाको आयोजनामा ४८ घण्टे मेलमिलाप तालिम सम्पन्न भएको छ । जिल्ला सदरमुकाममा भएको तालिममा २५ जनाले तालिम लिन सफल भएका छन् । धादिङ जिल्ला न्यायधिस श्रीमान गोपाल प्रसाद बास्तोलाले स्थानीय न्यायिक समितिको अनुगमनसंगै विभिन्न मुदाहरु कार्वाही प्रक्रियाको विषयमा अन्तर्क्रिया संचालन भएको छ । स्थानीय विद्यार्थी, शिक्षक, अभिभावक राजनितिक दल, आमा समूह तथा समाजसेवीहरुसँग श्रीमानको उपस्थितिमा अन्तर्क्रिया सम्पन्न भएको छ ।

## प्रधानमन्त्री स्वारोजगार कार्यक्रम

नेपालको संविधानको धारा ३३ ले रोजगारीको हकलाई मौलिक हकका रुपमा समावेश गरिएको छ। मौलिक हकको कार्यान्वयन गर्न रोजगारी हक सम्बन्धि ऐन २०७५ जारी भएको छ। उक्त ऐनले प्रत्येक स्थानीयमा रोजगार सेवा केन्द्रको स्थापना गर्ने वातावरण तयार भएको छ। नेपाल सरकारले हरेक बेरोजगार परिवारलाई एक जना श्रमिकले १०० दिन काम गर्दा प्राप्त गर्ने न्यूनतम पारिश्रमिक ५०% रकम निर्वाह भत्ता दिनुपर्ने व्यवस्था छ। बेरोजगार सूचीकृत कार्यमा गाउँपालिकाको ध्यानाकर्षण कम भएको देखिन्छ। नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारका सार्वजनिक निर्माण सार्वजनिक क्षेत्रका अन्य कार्यक्रमहरुमा बेरोजगारहरुलाई सम्बोधन गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा ल्याएको हो। नेपाल सरकारको यस अभियानलाई सफल बनाउन वास्तविक बेरोजगारहरुको सूची तयार गरि स्थानीय स्तरमा मजदुर केन्द्रित कार्यविधिहरु निर्माण गर्न अपरिहार्य देखिन्छ। यसर्थ स्थानीय स्तरमा छरपष्ट रुपमा रहेका श्रमिकहरुको सूचिकृत पश्चात् हरेक सार्वजनिक तथा भौतिक कार्यहरुमा उक्त श्रमिकहरुलाई सहभागी गराईनेछ। मजदुर संचित कोष कार्यविधि तयार गरि निज श्रमिकहरुले प्राप्त गर्ने पारिश्रमिक रकमको १५% कट्टी गरि सोही % मा गाउँपालिकाले थप गरिने व्यवस्था निर्माण गर्ने नीति लिइएको छ। उपरोक्त अनुसार संचित हुन आएको श्रमिक रकम निजहरुकै तड्कारो रुपमा समस्या पर्न गएमा वडा कार्यालय साथै गाउँपालिकाको सिफारिसमा भुक्तानी दिने व्यवस्था समेतको तयारी गरिएको छ।

## नेपाल सशस्त्र प्रहरी (APF Bop)

सशस्त्र प्रहरी बलले रुवी भ्याली गाउँपालिकाको वडा नं. १ अन्तर्गत रसुवा जिल्लाको सिमानामा अवस्थित सोम्दाङ तथा लब्दुङ गाउँमा BOP खडा गर्ने भएको छ। रुवी भ्यालीमा APF को उपस्थितिले शान्ति सुरक्षा सँगै सिमा सुरक्षामा पनि प्रभावकारी निगरानी बढ्नेछ।

## सेचेन करुणाको अन्तराष्ट्रिय दाताहरुसँग छलफल

गाउँपालिकाले सहयोगी संस्थाको रुपमा सेचेन करुणासँग सन् २०२६ सम्म सहकार्य गर्ने सम्झौता गरेको छ । सेचेन करुणासँग आवद्व फ्रान्सेली डोनरहरुको उपस्थितिमा विशेष अन्तरक्रिया कार्यक्रम भएको छ। सेचेन करुणाको विशेष डोनरहरुले अझ प्रभावकारी कार्यक्रमहरु थप गर्ने प्रतिवद्धता समेत गरेका छन् ।

## जिल्ला समन्वय समितिको अवलोकन तथा अनुगमन

जिल्ला समन्वय समिति धादिङको पदाधिकारीको टिमले रुवी भ्याली गाउँपालिकाको अनुगमनको क्रममा राजश्व संकलन प्रकृया लगायत स्थानीय स्रोत परिचालन विषयमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको छ। रुवी भ्याली भ्रमणको क्रममा जिल्ला समन्वयले जिल्लाको सदरमुकाममा रहेको आफ्नो कार्यालयमा रुवी भ्याली गाउँपालिकालाई सम्पर्क कार्यालय उपलब्ध गराउने निर्णय समेत गरेको छ।

## गाउँ प्रहरी

पालिका डिजिटल प्रोफाइल निर्माण गर्न का लागि आवश्यक डाटा संकलन, सोम्दाङमा कर संकलन, बिरामी उद्धार , सरसफाई, डढेलो नियन्त्रण र सुरक्षा सम्बन्धि सक्रिय रुपमा सम्पन्न भएको छ।

सोम्दाङ, सेर्तुङ र बोराङ गरि तीन स्थानमा गाउँप्रहरी पोष्ट विभाजन गरि नका सुरक्षालाई अझ कडाई गरी गाउँपालिका अन्तर्गत हुने अनैतिक क्रियाकलाप रोक तथा बोराङ नकामा आयत-नियातमा चेकजाँच गरि विकृति मुक्त पालिका निर्माणमा सहजिकरण गर्नका लागि खटाइएको छ।

## आगामी आ.व.को प्रमुख नीति तथा कार्यक्रमहरू

यस सभाका सदस्यज्यूहरु,

**अब म आ. व. २०८१/०८२ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।**

## शिक्षा

- आगामी आ.व. लाई रुवी भ्याली शैक्षिक सुधार वर्ष प्रारम्भको रुपमा समावेश गरिनेछ ।
- गाउँपालिका अनुदानमा कार्यरत शिक्षकहरुको हकमा कार्यविधि परिमार्जन गरिनेछ । साथै आगमी दिनमा अध्यापन अनुमति पत्र अनिवार्य गरिनेछ ।
- न्यूनतम पारिश्रमिकमा कार्यरत शिक्षकहरुको तलब तथा सेवा सुविधामा वृद्धि गरिनेछ ।
- गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरुको हकमा कुनै पनि शुल्क नलिने व्यवस्था गरिनेछ ।
- घट्दो विद्यार्थी संख्या नियन्त्रण गर्न माध्यामिक विद्यालयहरुलाई आवसीय बनाउने योजनाहरु तर्जुमा गरिने छ ।

- एक विद्यालय एक ल्यापटप कार्यक्रम लागू गरिने छ ।
- SEE Coaching Camp लाई निरन्तरता दिईनेछ ।
- जिल्लाको सदरमुकाममा रहेको निल्कण्ठ बहुमुखी क्यापसमा निशुल्क रुपमा स्नातक तह अध्ययन गर्ने व्यवस्था मिलाईनेछ ।
- स्थानीय पाठ्यक्रम तयार गरी पठनपाठनमा समावेश गरिनेछ ।
- SEE परिक्षा उत्कृष्ट अंक प्राप्त विद्यार्थीहरुलाई उच्च शिक्षा हासिलका लागि छात्रवृतिको व्यवस्था मिलाईनेछ ।
- सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुलाई पुनर्ताजकी तालिमको व्यवस्था मिलाईनेछ ।

**स्वास्थ्य**

- रुवी भ्याली आधारभूत अस्पताल निर्माणका लागि DPR तयार गरी भवन निर्माण ठेक्का प्रकृया अगाडी बढाईनेछ ।
- आधारभूत अस्पतालमा बिशेषज्ञ Doctor सहितको थप सेवाहरु सञ्चालन गरिनेछ ।
- धादिङ अस्पतालमा उपलब्ध गराईने निशुल्क स्वास्थ्य सेवा सम्झौता परिमार्जन गरि व्यवस्थित गरिनेछ ।
- बिशेषज्ञ टोलीहरुको उपस्थितिमा स्वास्थ्य शिविरहरु सञ्चालन गरिनेछ ।
- स्वास्थ्य सेवा डाटा सुधार वर्ष
- घरमा प्रसुति शुन्य वडा घोषणा सुरुवात
- किशोर किशोरी मैत्री स्वास्थ्य संस्था प्रमाणिकरण तथा घोषणाको सुरुवात गरिने ।
- पोषण मैत्री स्वास्थ्य संस्था घोषणाको सुरुवात
- कोख देखि शोक सम्म कार्यक्रमलाई प्राथमिकतामा राखिनेछ ।

**लक्षित वर्ग**

- लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण रणनीति( GESI Strategy) निर्माण गरिनेछ ।
- बाल दिवस कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्थानीय अपाङ्ग अभिलेखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- अपाङ्ग मैत्री पूर्वाधार निर्माणमा जोड दिईनेछ ।
- आमा घर निर्माणको रणनीतिक अध्ययन गरिनेछ ।
- एकल महिला सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- दलित महिला कानूनी साक्षरता तालिम आयोजना गरिनेछ ।
- दलित विद्यार्थी विशेष छात्रवृत्तिको व्यवस्था मिलाईनेछ ।
- दलित महिला सशक्तिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- दलित समुदायमा सुंगुर तथा बुङ्गुर तालिम सञ्चालनम ल्याईनेछ ।

**युवा तथा खेलकुद**

- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थित रुपमा सञ्चालन गरिनेछ ।

- माध्यामिक विद्यालयमा सञ्चालित करातेँ खेललाई थप प्रभावकारी बनाईनेछ।
- विभिन्न चाडर्वमा सञ्चालन हुने खेलकुद कार्यक्रमहरुलाई सहयोग उपलब्ध गराईनेछ।
- खेलाडी सम्मान कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- खेल सामग्रीहरुको व्यवस्थापन गरिनेछ।

## राजश्व सुधार योजना

- राजश्व सुधार योजना तयार गरिनेछ।
- पर्यटक शुल्कलाई व्यवस्थित गरिनेछ।
- घर जग्गा नक्सा पास कार्यविधि तयार गरी अव्यवस्थित रुपमा निर्माण भइरहेको घर तथा सार्वजनिक भवनहरु व्यवस्थित गरिनेछ।
- सिफारिस दस्तुर संकलन अनिवार्य बनाईनेछ।

## वन तथा वातावरण

- डब्दुङ दुरपङ बर्मचेत च्योम्साङ ब्राह हरियाली क्षेत्र (Green Zone) घोषणा गरिनेछ।
- डढेलो नियन्त्रण कार्यलाई बिशेष प्राथमिकतामा राखिनेछ।
- अवैध रुपमा उत्खनन भईरहेको खनिज पदार्थ तथा ढुङ्गा, गिट्टी, बालुवा नियन्त्रण गरिनेछ।

## भाषा, संस्कृति

- स्थानीय पहिचानको रुपमा रहेको धर्म संस्कृतिको संरक्षणमा जोड दिईनेछ।
- धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलहरुको प्रवर्द्धन गरि प्राचीन एवम् ऐतिहासिक स्थलहरुको अभिलेखिकरण गरिनेछ।
- गुम्बा, मन्दिर, चर्च जस्ता धार्मिक क्षेत्रको पूर्वाधार निर्माणमा जोड दिईनेछ।
- तामाङ भाषाको तामयिक/संम्भोटा/लिपि तालिम सञ्चालन गरिनेछ।
  बागमती प्रदेश सरकारले तामाङ र नेवारी भाषालाई सरकारी कामकाजी भाषाको रुपमा प्रयोग गर्ने ऐन जारी भए बमोजिम स्थानीय तामाङ भाषा प्रशिक्षणमा जोड दिईनेछ।

## पूर्वाधार

### सडक

- सडक स्तरोन्नतिमा जोड दिईनेछ।
- विशेषत धादिङबेशी साङकोष तिप्लिङ सडकको रुवी भ्याली खण्डमा पर्ने सडकहरुको स्तरोन्नतिमा प्राथमिकता दिईनेछ।

  **पूर्वाधार विकास कार्यालयसँगको समन्वयमा,**

- ठेक्का प्रकृया मार्फत लापा खादिङ सडकको स्तरोन्नति गरिनेछ।
- बोराङ बसपार्क देखि प्रशासनिक भवन जाने सडक स्तरोन्नति गरिनेछ।
- ब्रादुङ गल्ग सेर्तुङ सडक स्तरोन्नति गरिनेछ।
- अदा खोला तिप्लिङ ठुलोगाउँ सडक स्तरोन्नति गरिनेछ।
- प्यान्तिस्या क्यालाम्रङ हिन्दुङ सडक विस्तार गरिनेछ।
- प्यान्तिस्या तिर रिचेत कपुरगाउँ सडक स्तरोन्नति गरिनेछ।

## पुल

- पूर्वाधार विकास कार्यालय धादिङसँग समन्वय गरि स्थानीय सडकहरुमा पर्ने खोलाहरुमा RCC पुलको DPR तथा निर्माण कार्य सुरुवात गरिनेछ।

## पर्यटन

- गाउँ प्रहरी परिचालन गरि पर्यटक अभिलेख राख्ने व्यवस्था मिलाईनेछ।
- पर्यटन विकास आयोजनाको कार्यालय हेटौंडाले सम्पन्न गरेको तातोपानी हिन्दुङ कालो दह, सेतो दह पदमार्ग तथा विश्राम स्थल निर्माणको DPR वमोजिम निर्माण प्रकृया अघि बढाईनेछ।
- तिप्लिङ, सेर्तुङ र लापा गाउँको भित्री सडक तथा पदमार्गहरु निर्माण गरिने योजना बनाईनेछ।
- नवनिर्मित प्रशासनिक भवनमा कार्यालय सरी सेवा प्रवाहलाई थप व्यवस्थित गरिनेछ।
- पर्यटकीय स्थलहरुमा Tea House तथा Home Stay निर्माणमा जोड दिईनेछ।
- ग्रेट हिमालयन ट्रेकिङ ट्रेललाई थप प्रभावकारी बनाउन पर्यटन विभागसँग समन्वय गरी प्रवर्द्धन गरिनेछ।
- पालिका स्तरीय संग्रहालय निर्माणमा जोड दिईनेछ।

## आर्थिक विकास

- स्थानीय स्रोत परिचालनमा जोड दिईनेछ।
- खेर भईरहेको स्थानीय भेडाको ऊन सदुपयोगमा जोड गरिनेछ।
- श्रम तथा रोजगारसँग जोडिएको प्रधानमन्त्री स्वारोजगार कार्यक्रमलाई व्यवस्थित गरिदैछ।
- स्थानीय उत्पादनलाई बजारीकरणमा विशेष ध्यान दिईनेछ।

## कृषि तथा पशुपंक्षी

- मौसमी र बेमौसमी अर्गानिक तरकारी खेति उत्पादनमा जोड दिई निर्यात परिमाणमा वृद्धि गरिनेछ।
- आलु बालीलाई व्यवसायिक उत्पादन केन्द्र(Packet क्षेत्र) विकास क्रमलाई थप बजारीकरणको व्यवस्था मिलाईनेछ।
- रैथाने बालीको उत्पादन तथा प्रवर्द्धनलाई जोड दिन नमुना सामुदायिक बिउ बैंकको स्थापना गरिने व्यवस्था मिलाईनेछ।

- पालिका भित्र कृषकबाट उत्पादित तरकारी फलफुल, नगते बाली तथा पशुजन्य उत्पादनको बिक्री परिमाणमा अनुदान दिईने नीति ल्याई बजारीकरणको उचित व्यवस्था मिलाईनेछ।
- संघ संस्थाहरुसँग समन्वय गरि प्रत्येक वडाको माटो संकलन तथा परिक्षण गरी माटो सुहाँउदो उत्पादनका लागि कृषकहरुलाई प्रोत्साहनको व्यवस्था मिलाईनेछ।
- उत्पादनमा आधारित अनुदान कार्यक्रम ल्याईनेछ।

**प्रधानमन्त्री स्वारोजगार कार्यक्रम**

- मजदुर संचित कोष कार्यविधि तयार गरी श्रमिकहरुलाई रोजगारीको अवसरहरुको सृजना गरिनेछ।
- प्रधानमन्त्री स्वारोजगार कार्यक्रमलाई व्यवस्थित बनाईनेछ।
- स्थानीय मजदुरहरुलाई सीप विकास तालिम दिलाईनेछ।

**सूचना तथा सञ्चार**

- स्थानीय जनप्रधिनिधिहरु लगायत सम्बन्धित विषय शाखाहरुलाई LISA र FRA सम्बन्धि अभिमुखिकरण कार्यक्रम सञ्चालन गरि गाउँपालिकाको स्वामुल्याङकनमा बढी अंक प्राप्त गर्नका लागि जोड दिईनेछ।
- विद्यालयहरुमा Visual Class हरु सञ्चालन गरिनेछ।
- पालिकाको सम्पूर्ण सूचना तथा जानकारी डिजिटल प्रोफाईलमा सूचिकृत गरी सूचनाको हकलाई प्रभावकारी बनाईनेछ।
- स्थानीय सञ्चार माध्यमहरुलाई प्राथमिकतामा राखी गाउँपालिकाको हरेक गतिविधिहरुलाई आमजनतामाझ पुर्याउन तथा सु-सूचित गर्न सहकार्य गरिनेछ।

**न्याय, कानून प्रवर्द्धन**

- प्रशासनिक भवनमा न्यायिक समितिको ईजलास निर्माण गरिनेछ।
- गाउँपालिकाको प्रत्येक वडाहरुमा मलमिलाप केन्द्र स्थापना गरिनेछ।
- मेलमिलाप तालिम सञ्चालन गरिनेछ।
- जनप्रधिनिधिहरुलाई स्थानीय सरकार सञ्चालन ऐन लगायत कानूनी सचेतना तालिमहरु सञ्चालन गरिनेछ।
- तालिम प्राप्त मेलमिलापकर्ताहरुलाई सक्रिय बनाईनेछ।

**शुसाशन, सार्वजनिक सेवा तथा क्षमता विकास**

- दक्ष जनशक्ति निर्माणका लागि गाउँपालिकाको कर्मचारीहरुलाई क्षमता विकास तालिमहरु सञ्चालनमा ल्याईनेछ।
- आर्थिक प्रशासनलाई चुस्त बनाई सेवा प्रवाहलाई प्रभावकारी रुपमा अगाडि बढाईनेछ।

**खानपानी तथा सरसफाई**

- व्यवस्थित खानेपानीबाट वञ्चित घरधुरीहरुमा खानेपानीको उचित व्यवस्था मिलाईनेछ।

- सरसफाई तथा स्वच्छता प्रवर्द्धनका लागि संघ, प्रदेश, बिशेष अनुदानबाट प्राप्त हुन आएको बजेटलाई खानेपानी तथा सरसफाईको गुरुयोजना अनुरुप कार्यान्वयन गरिनेछ ।
- रुवी भ्याली गाउँपालिका भित्र रहेका खानेपानीका मुहानको पहिचान गरी पानीको स्वच्छता परिक्षण गरि सोको उचित संरक्षण गरिनेछ ।

## जल विद्युत

- निर्माणाधिन जलविद्युत आयोजनाहरुसँग समन्वय गरी आयोजनाहरुबाट प्राप्त सामाजिक उत्तरदायित्वको रकम विकास निर्माण लगायतका कार्यहरुमा प्रयोग गर्ने वातावरण तयार गरिनेछ ।
- जलविद्युत आयोजनाहरु छिटो सम्पन्न गर्न स्थानीय समन्वय समिति तथा सरोकार समितिहरुको समेत गठन गरिनेछ ।

## गाउँ प्रहरी तथा सुरक्षा

- रुवी भ्याली गाउँपालिका प्रवेश गर्ने मुख्य नाका बोराङमा विशेष व्यवस्थापन सहित गाउँ प्रहरीलाई परिचालन गरिनेछ ।
- नेपाल प्रहरीसँग समन्वय गरि संयक्त रुपमा नाका सुरक्षा तथा गस्ती परिचालनमा जोड दिईनेछ ।
- सामाजिक विकृति, विसंगति तथा अनैतिक घटना हुनु अगावै आवश्यक सजक्ता अवलम्बन गर्ने व्यवस्था मिलाईनेछ ।
- बाढी, पहिरो तथा जोखिम व्यवस्थापनमा गाउँ प्रहरीलाई परिचालन गरिनेछ ।
- गाउँ प्रहरीको समन्वयमा कर संकलनमा बिशेष जोड दिईनेछ ।

## विपद् व्यवस्थापन

- गाउँपालिका भित्रको विकास निर्माण कार्यमा प्राविधिक रिपोट अनिवार्य गरिनेछ ।
- विपद् जोखिम न्यूनिकरणका लागि सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- विपद् जोखिम न्यूनिकरणका लागि आवश्यक नीति तयार गरिनेछ ।

## एकिकृत रुवी भ्याली विकास कार्यक्रम

बागमती प्रदेश सरकारले एकिकृत रुवी भ्याली विकास कार्यक्रमलाई आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रममा समावेश गरी बजेट बिनियोजन समेत गरिसकेको छ । यस कार्यक्रमका लागि विनियोजित रकमबाट सडक स्तरोन्नति, पुल निर्माण, पदमार्ग तथा सिंचाई कार्यमा विनियोजन गरिनेछ ।

## नमुना समाजवादी वडा कार्यक्रम

- बागमती प्रदेश सरकारले रुवी भ्याली गाउँपालिकाको वडा नं.५ लाई नमुना वडा समाजवादी कार्यक्रमका लागि छनौट गरेको छ । प्रदेश सरकारले खानेपानी, सीप विकास, शैक्षिक सचेतना, कृषि समूह प्रोत्साहन कार्यक्रम, पोषिलो खाना सम्बन्धि सचेतना, सूचना तथा सञ्चार प्रविधि मैत्री वातावरण आदि कार्यक्रमहरुको मध्येनजर गर्दै विनियोजन भएको कार्यक्रमलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न जोड दिईनेछ ।

गाउँसभाका सदस्यज्यूहरु !!!

अन्त्यमा,

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमाको क्रममा राय, सुझाव, सल्लाह र सहयोग प्रदान गर्नुहुने राजनीतिक दल, संघ संस्था, विषयगत शाखा प्रमुखहरु, गाउँपालिकाका कर्मचारीहरु, प्रधानध्यापकहरु, दलित समुदाय, बुद्धिजीवी, किसान, विद्यार्थी भाइबहिनी, श्रमिक वर्ग,व्यवसायी, सञ्चारकर्मी र सम्पूर्ण आमा बाबु दिदीबहिनी तथा दाजुभाई प्रति हार्दिक आभार व्यक्त गर्दै नीति तथा कार्यक्रम कार्यान्वयनमा गतिशिल रुपमा सक्रिय सहयोग पुग्ने विश्वास व्यक्त गर्दछु ।

धन्यवाद !

सम्बत् २०८१ साल आषाढ १० गते सोमबार

**प्रस्तुतकर्ता**

राम सिंह तामाङ

अध्यक्ष

रुवी भ्याली गाउँपालिका